annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक [illegible] | शुक्लपक्ष तृतीया नेपाल संवत् ११४६ | SATURDAY, AUGUST 15, 2026 | मूल्य : रु. १०



सिंगो शताब्दीका जिउँदा अभिलेख

‘ऊर्जा, सिकाइ र जीवन-दर्शन’मा केन्द्रित ९३ वर्ष टेक्नै लागेको उमेर, तर चेतनाको उडान भने अनन्त आकाशजत्तिकै फराकिलो। बिहानीको झुल्केघामसँगै अखबारका पानाहरूमा देशको ढुकढुकी छाम्ने उनै तेजेश्वरबाबु ग्वंग: केवल एक व्यक्ति होइनन्, सिंगो शताब्दीका जिउँदा अभिलेख हुन्। ‘कर्मण्येवाधिकारस्ते...’ को मर्मलाई आत्मसात् गर्दै, जीवनलाई निरन्तर सिक्ने र सिकाउने एक सुन्दर उत्सव मान्ने उनको जिजीविषा साँच्चै अद्भुत छ। डोजरले चिथोरेको पर्यावरणदेखि हराउँदै गएको रैथाने संस्कृतिसम्म गहिरो चिन्ता लिने उनको मुटुमा बारम्बार देश दुख्छ। क्रियापदविहीन ठेट नेपाली शैलीका यी विशिष्ट साधकको अन्तर्मनमा डुब्दा लाग्छ- समयले शरीरलाई चाउरी पारे पनि, विचारको तेजलाई कहिल्यै धमिल्याउन सक्दैन। आउनुहोस्, जीवन बाँच्ने यो सञ्जीवनी बुटीलाई नजिकबाटै पान गरौं।

गोपीकृष्ण ढुंगाना | *काठमाडौं*

विस्तृत पृष्ठ ६

भित्री पृष्ठ

कल्पेको स्विट्जरल्यान्ड, देखेको स्विट्जरल्यान्ड - पृष्ठ ४

स्वर्णिम जीवनका तीन आयाम - पृष्ठ ६

चार सातादेखि तातोपानी नाका अवरुद्ध - पृष्ठ ९

रोल्पामा फेरि ४ जना पहिरोमा पुरिए - पृष्ठ १०

कांग्रेस राष्ट्रिय भेला

देउवा-कोइरालाको रणनीतिक निकटता

राधा खनाल | *काठमाडौं*

कांग्रेसको आन्तरिक विवाद उत्कर्षमा रहेकै बेला पूर्वसभापति शेरबहादुर देउवा पक्षले शुक्रबार राष्ट्रिय भेलाको आयोजना गऱ्यो। पार्टी विभाजन रोक्नुपर्ने र पुरानो संरचनालाई पुनः एकीकृत गर्नुपर्ने देउवापक्षीय नेताहरूको जोड रह्यो। भेलाको सबैभन्दा महत्त्वपूर्ण राजनीतिक सन्देश भने पूर्वप्रधानमन्त्री तथा निवर्तमान सभापति देउवाको पुनः केन्द्रीय भूमिकामा देखिएको सक्रियता हो।

देउवाले स्वयं पार्टीभित्र भावनात्मक एकता आवश्यक रहेको भन्दै कांग्रेस कमजोर हुँदा लोकतन्त्र र राष्ट्रियता दुवै कमजोर हुने चेतावनी दिए। राष्ट्रिय भेलालाई सम्बोधन गर्दै देउवाले गत पुसमा भएको विशेष महाधिवेशनले पार्टीलाई कमजोर बनाएको दाबी गरे। विशेष महाधिवेशनसम्बन्धी विवाद सर्वोच्च अदालतमा पुनरावलोकनको अवस्थामा रहेको भन्दै उनले अदालतबाट न्याय हुनेमा आफू विश्वस्त रहेको बताए। पार्टीलाई व्यक्ति केन्द्रित नभई संस्थागत आधारमा अघि बढाउनुपर्ने उनको भनाइ थियो।

‘मुलुकको यो विषम परिस्थितिमा राष्ट्रियता, लोकतन्त्र र जनहितका लागि जुनसुकै भूमिका निर्वाह गर्न आफूलाई तयार राखेको छु। साझा उद्देश्य र संकल्प भएका सबै राष्ट्रिय राजनीतिक शक्ति र व्यक्तिसँग सहकार्यको ढोका खुल्ला रहनुपर्छ भन्ने मेरो विश्वास छ। आज महामानव बीपी कोइरालाले देखाउनु भएको राष्ट्रिय एकता र मेलमिलापको मार्ग अझ बढी सान्दर्भिक भएको छ।’

शेरबहादुर देउवा

‘कांग्रेसभित्र भावनात्मक रूपमा एकता आवश्यक छ। पार्टीमा विवाद हुँदा मुलुकको राष्ट्रियता र लोकतन्त्र कमजोर हुने खतरा हुन्छ,’ देउवाले भने।

कांग्रेसको लामो राजनीतिक इतिहास, विगतमा सहमति र सहकार्यबाट पार्टीले कठिन परिस्थितिको सामना गरेको उदाहरण तथा वर्तमान राजनीतिक संवेदनशीलतालाई जोड्दै देउवाले पार्टी एकताको पक्षमा दृढ हुन सबैलाई आग्रह गरे। उनले मुलुकमा समेत राष्ट्रिय सहमति आवश्यक रहेको बताए।

» बाँकी पृष्ठ ७

सांसद सुनारको आक्षेपमा गृह प्रशासन ‘सिरियस’

अजवी पौडचाल | *काठमाडौं*

संसदीय समितिको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद खगेन्द्र सुनारले गृहसचिव र प्रहरी प्रमुखहरूप्रति आक्षेपलाई गृह प्रशासनले निकै गम्भीर लिएको छ । गृहमन्त्री सुधन गुरुङले कुनै आधार र कानुनी प्रक्रिया पूरा नगरी उजुरी वा आरोपकै भरमा चरित्रहत्या गर्ने छुट कसैलाई नभएको भन्दै आपत्ति जनाएका हुन्।

शुक्रबार कानुन, न्याय तथा मानवअधिकार समितिको बैठकमा गृहमन्त्री गुरुङले उजुरीको भरमा कसैमाथि आक्षेप लगाउन नमिल्ने बताए। ‘कसैलाई एउटा उजुरीको भरमा हामी न्यायाधीश बन्न मिल्दैन। आरोप कसैले जे लगाउन पनि सक्यो भन्दैमा कसैको चरित्रहत्या गर्न पाइँदैन,’ उनले भने, ‘त्यसमा गृह मन्त्रालयकै ध्यानाकर्षण भएको छ। गृहमन्त्री गुरुङले कुनै व्यक्तिमाथि लागेको आरोप पुष्टि नभएसम्म उनलाई दोषी करार गर्न नमिल्ने बताए।

बुधबार सार्वजनिक लेखा समितिको बैठकमा सांसद सुनार गृहसचिव तथा नेपाल प्रहरी र सशस्त्र प्रहरीका महानिरीक्षकहरूप्रति निकै आक्रोशित रूपमा प्रस्तुत भएका थिए। गृहसचिव र प्रहरी महानिरीक्षकको बर्दी नै फुकालेर अनुसन्धान हुनुपर्ने भन्दै सुनारले अपमानजनक टिप्पणी गरेपछि यो विषयलाई लिएर आक्रोशित भएका छन्। सुनारले गृहसचिव राजकुमार श्रेष्ठ, आईजीपी कार्कीसहित तत्कालीन गृहमन्त्री ओमप्रकाश अर्याल र तत्कालीन सशस्त्र प्रहरी आईजीपी राजु अर्याललाई पनि छानबिनको दायरामा ल्याउन माग गरेका थिए। सुनारको आक्षेपको वाण यति तिखो थियो कि उच्च प्रहरी अधिकारीहरू असामान्य अवस्थामा पुगेका छन्।

सुनारले भनेका थिए, ‘तत्कालीन गृहमन्त्री, गृहसचिव, आईजीपीलाई तत्काल सेवाबाट निलम्बन गरेर, जिम्मेवारीबाट बर्खास्त गरेर बाहिर ल्याएर यो कठघरामा राखेर यो विषयमा छानबिन हुनुपर्छ। उनले प्रहरीका उच्च अधिकारीलाई बर्दी फुकाल्न र व्यापारीसँग सम्पर्क छ कि छैन भनेर हेर्नलाई मोबाइल जफत गर्नुपर्नेसम्मको माग गरेका थिए।

संसदीय वृत्त, गृह मन्त्रालय र पूर्वप्रहरी अधिकारीहरू

» बाँकी पृष्ठ ८

बाढी-पहिरोभन्दा घातक बन्दै सर्पदंश

वैशाखयता ८०१ घटना, ५९ को मृत्यु

राज्यले सन् २०३० सम्म मृत्युदर आधा घटाउने प्रतिबद्धता जनाइरहँदा उपचार केन्द्र जीवनरक्षक औषधिविहीन बन्दैछ।

» विस्तृत पृष्ठ २